# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, भन्सार कार्यालयका उपसचिव सुदिप चन्द्र शाहले भन्सार कार्यालयमा रहँदा गैह्रकानूनी धन्दामा संलग्न रही घर घडेरी करोडौंमा खरिद गरेको हुँदा यस्ता भ्रष्ट कर्मचारीलाई अनुसन्धान गरी कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज सुदिप चन्द्र शाह मिति २०४०/०८/०५ मा नियुक्ति भई मिति २०७२/१२/१३ गते भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाडौंबाट अनिवार्य अवकाश भएका निजले सार्वजनिक पद धारण गरेको सो अवधिमा निज तथा निजका परिवारका सदस्यहरूका नाममा भएका आर्थिक कारोबार तथा परिवारका सदस्यको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तिहरूको सम्बन्धमा तथ्य प्रमाणहरूलाई छानबिन एवं विश्लेषण गरी हेर्दा निजले आय आर्जन गरेको वैध आयको तुलनामा रू.३,८३,९२,१८०/८० (अक्षरुपी तीन करोड त्रियासी लाख बयानब्बे हजार एक सय असी रुपैयाँ असी पैसा) को सम्पत्ति गैरकानूनी रुपमा बदनियतपूर्ण तवरले आर्जन गरेको, मनासिब कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको, आफ्नो हैसियतभन्दा बढी खर्च गरेको तथा स्रोत नखुलेको सम्पत्तिबाट बढी बढाउ गरेको समेत देखिन खुल्न आई गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको प्रमाणित हुन आएबाट सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक सुदिप चन्द्र शाहले गैह कानुनी रुपमा सम्पत्ति आर्जन गरेको स-प्रमाण पुष्टी हुन आएको हुँदा निज सुदिप चन्द्र शाहलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निजलाई स्रोत नखुलेको जग्गा बिक्री गरी बढे बढाएको रू.५७,२६,६७०।- (अक्षरुपी सन्ताउन्न लाख छब्बिस हजार छ सय सत्तरी) समेत गरी कुल बिगो रू.४,४१,१८,८५०/८० (अक्षरुपी चार करोड एकचालीस लाख अठार हजार आठ सय पचास रुपैया असी पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र देहाय (क) मा उल्लेखित भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको स्रोत नखुलेको निजको नाममा रहेका चल अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन माँग दाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै स्रोत नखुलेको सम्पत्ति तथा बढे बढाएको सम्पत्ति समेत निजको श्रीमती मीरा शाह, छोरीहरू सौभाग्य शाह र सुकान्ती शाहको नाममा बदनियतसाथ राखेको तथा लुकाए छिपाएको पुष्टी हुन आएको हुँदा निजहरूको नाममा राखेको स्रोत नखुलेको देहाय (क) मा उल्लेखित भ्रष्टाचार गरी गैरकानुनी आर्जन गरेको स्रोत नखुलेको चल अचल सम्पत्तिहरू र स्रोत पुष्टी हुन नआएको माथि उल्लेखित खर्च समेत सुदिप चन्द्र शाह, मीरा शाह, सौभाग्य शाह र सुकान्ती शाहको नाममा हाल कायम रही यस आयोगबाट रोक्का रहेका देहाय (ख) मा उल्लेखित चल अचल सम्पत्तिबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफत गर्ने माँगदाबी लिई सोही प्रयोजनको लागि मात्र मीरा शाह, सौभाग्य शाह र सुकान्ती शाहलाई समेत प्रतिवादी कायम गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी